चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. २०८३/०८४ को का.पा. बैठक संख्याः१

मितिः २०८३/०४/२५ गते | बैठक प्रारम्भः बिहान १०:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख श्री कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको पहिलो बैठक निम्न पदाधिकारीहरूको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसि निम्न अनुसारको निर्णयहरू गरियो।

| क्र.सं. | पद | पदाधिकारीको नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | नगर उप-प्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री वुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | का.वा. श्री ~~पुर्णिमा शेर्पा~~ अन्जु वि.क. | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती तिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंङ्गा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. २०८३/८४ का.पा. बैठक संख्याः१

मितिः २०८३/०४/२५ गते

बैठक प्रारम्भः विहान १०:०० बजे

कृष्ण कुमार तामाङ
नगर प्रमुख

प्रस्तावहरूः

१. O & M सर्वेक्षण सम्बन्धमा ।

२. एम्बुलेन्स सम्बन्धमा ।

३. नगर दररेट सम्बन्धमा ।

४. विविध ।

क. नगर अपाङ्गता नीति सम्बन्धमा ।

ख. विद्यालयका आया कास छनौट सम्बन्धी कार्यविधि पारित तथा अनुमोदन सम्बन्धमा ।

ग. कर्मचारी तालिममा मनोनयन सम्बन्धमा ।

घ. कर्मचारी काजमा ल्याउने सम्बन्धमा ।

ङ. अपाङ्गता सहजर्कता तथा कार्यालय सहयोगी विज्ञापन सम्बन्धमा ।

च. स्वास्थ्य संस्था सम्बन्धमा ।

छ. रक्तदान तथा नि शुल्क स्वास्थ्य शिविर सम्बन्धमा ।

ज. नगर अस्पतालको शौचालय मर्मत सम्बन्धमा ।

झ. गोरेटो बाटो मर्मत सम्बन्धमा ।

२०८३/०४/२५

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण कुमार तामाङ
नगर प्रमुख



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. २०८३/०८४ को का.पा. बैठक संख्याः१

मितिः २०८३/०४/२५ गते बैठक प्रारम्भः बिहान १०:०० बजे

कृष्ण कुमार तामाङ
नगर प्रमुख

निर्णयहरूः

<u>निर्णय नं. १.</u> प्रस्ताव नं. १ उपर छलफल चैनपुर नगरपालिका तथा नगर अस्पताल एवं स्वास्थ्य संस्थाहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण O&M गर्न नगर कार्यपालिकाको मिति २०८३ असार २१ गते पूर्व स्वीकृति प्रदान गरिएको समितिबाट पेश हुन आएको O&M सर्वेक्षणलाई स्वीकृत गर्दै स्वीकृत O&M मूल्याङ्कनको लागि मुख्यमन्त्री तथा मन्त्री परिपद्को कार्यालय कोशी प्रदेश सरकारमा पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. २.</u> प्रस्ताव नं. २ उपर छलफल गर्दा चैनपुर नगरपालिका नगर अस्पताल चैनपुरको लागि एम्बुलेन्स खरिदका लागि थप अध्ययन गरि आगामी कार्यपालिका बैठकबाट निर्णय गरिने ।

<u>निर्णय नं. ३.</u> प्रस्ताव नं. ३ उपर छलफल गर्दा नगर दररेट निर्धारण सम्बन्धमा यस चैनपुर नगरपालिका क्षेत्र भित्र आर्थिक वर्ष २०८३।०८४ का लागि संखुवासभा जिल्लाको स्वीकृत दररेट तथा स्वीकृत दररेट भित्र नसमेटिएका साथै यस जिल्लामा उत्पादन नहुने सामग्रीहरुका हकमा स्रोत भएका नजिकको जिल्लाको आर्थिक वर्ष २०८३।०८४ का लागि मोरङ्ग जिल्लाको स्वीकृत दररेटलाई आधार मान्दै संखुवासभा जिल्लाको लागि स्वीकृत दररेटमा निर्देशित विषयहरुलाई समेत आधार मानी प्राविधिकहरुबाट पेश हुन आएका चैनपुर नगरपालिका भित्र भवन सडक निर्माण तथा अन्य कार्यका लागि दररेट विश्लेषण स्वीकृत गर्दै आर्थिक वर्ष २०८३।०८४ का लागि लागू गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४.</u> विविध

क. चैनपुर नगरपालिकाको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको मूलप्रवाहीकरण तथा दिगोपना नीति,२०८३ छलफल गरि स्वीकृत गर्ने निर्णय गरियो ।

ख. चैनपुर नगरपालिका अन्तर्गतका विद्यालयहरुमा शिक्षा नियमावली,२०५९ को १० औं संशोधन बमोजिम नियम १४४ (ख) को उपनियम ३ बमोजिम निर्माण भएका श्री सरस्वती माध्यमिक विद्यालय चैनपुर-६ हिटीटोलको विशेष स्रोतकक्षामा कार्यरत आवासीय आया नियुक्ति सम्बन्धी कार्यविधि,२०८३ र श्री शारदा आधारभूत विद्यालय चैनपुर-६ ओखरवोटेको विद्यालय सहयोगी कर्मचारी नियुक्ति,२०८३ लाई अनुमोदन गर्ने निर्णय गरियो । साथै श्री गुफापोखरी आधाभूत विद्यालय चैनपुर-१ विद्यालय सहयोगी नियुक्ति तथा अवकास सम्बन्धी कार्यविधि,२०८३, श्री आधारभूत विद्यालय पिङडाँडाको विद्यालय सहयोगी कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि,२०८३ र श्री शारदा माध्यमिक विद्यालय खराङ्गको विद्यालय सहयोगी कर्मचारी नियुक्ति तथा अवकास कार्यविधि,२०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा
आ.व. २०८३/०८४ को का.पा. बैठक संख्याः१

मितिः २०८३/०४/२५ गते बैठक प्रारम्भः विहान १०:०० बजे

ग. प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान कोशी प्रदेश कलवलगुरी झापाको मिति २०८३ श्रावण ८ गते प्रकाशित सूचना अनुसार सहायकस्तर चौथो, पाँचौ र अधिकृत स्तर छैटौं तहको ३० कार्य दिने सेवाकालीन प्रशिक्षण कार्यक्रमका लागि चैनपुर नगरपालिकाबाट तपसिल अनुसारका कर्मचारीहरु मनोनयन गरि पठाउने निर्णय गरियो ।

तपसिल

१. श्री पदमकला कुमारी कठायत,सहायक पाँचौं

२. श्री प्रकाश ढुंगाना,सहायक चौथो

घ. चैनपुर नगर अस्पतालमा रिक्त रहेको स्टाफ नर्स सहायक पाँचौं पदमा काज सरुवा सहमतिका लागि हाल वीर अस्पतालमा काठमाडौंमा कार्यरत श्री प्रतिक्षा कुमारी महराले निवेदन पेश गरेकोमा थप अध्ययन गरि निर्णय लिइने ।

ङ. चैनपुर नगरपालिका ४ र ५ नं.वडा कार्यालयहरुमा रिक्त रहेको कार्यालय सहयोगी पदको पदपूर्तिका लागि प्रक्रिया अगाडी निर्णय गरियो ।साथै अपाङ्गता पून स्थापना कार्यक्रम तर्फ १ जना सहजकर्ता नियुक्तिको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

च. चैनपुर नगरपालिकाको वडा नं.-३ स्थित शहरी स्वास्थ्य केन्द्र परेवाडाँडा दिनको ३ घण्टा सिद्धकाली स्वास्थ्य चौकीबाट संचालन गरि सेवा दिन निर्णय गरियो ।

छ. चैनपुर नगरपालिका, जिल्ला अस्पताल संखुवासभा, ब्रम्हकुमारी राजयोग सेवा केन्द्र, नेपाल रेडक्रस सोसाइटी तथा चैनपुर स्थित उद्योग वाणिज्य संघ लगायत स्थानीय गैहृसरकारी संघसंस्था एवं क्लवहरुको समन्वयमा मिति २०८३ भाद्र ७ गते संचालन हुने रक्तदान तथा निशुल्क विशेषज्ञ सेवा सहितको शिविर व्यवस्थापन खाना नास्ता प्रचारप्रसार अतिथि सत्कारका लागि मिल्ने शीर्षकबाट बढिमा रु.१०००००। एक लाख मात्र भुक्तानी गर्ने निर्णय गरियो ।

ज. चैनपुर नगरपालिका नगर अस्पतालको शौचालय पाइपलाइन बन्द भई बिरामीहरुको दिसा पिसाव बाहिर बगिरहेको र बर्थिङ्ग सेन्टर भवनको शौचालय मर्मतका लागि प्राविधिक ल.ई. अनुसार रकम भुक्तानी गर्ने निर्णय गरियो ।

झ. चैनपुर नगरपालिका वडा नं. १ र २ मा पर्ने सभापोखरी तिर्थस्थल जाने गोरेटो बाटो र लालीगुराँश पदमार्ग जाने छोटो बाटो मर्मतका लागि रु.२५०००। पच्चीस हजार भुक्तानी गर्ने निर्णय गरियो ।

उल्लिखित निर्णयहरू गर्दै आजको बैठक १:१५बजे यही अन्त्य गरियो ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।